नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

## एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस संस्थाको अप्राविधिक सहायक, तह ४ पद लगायत अन्य संगठित संस्थाको अप्राधिविक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदहरुका लागि आ.ब. २०८२/८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा लोक सेवा आयोगबाट नै सञ्चालन गर्न गईरहेको सम्बन्धमा लोक सेवा आयोगको मिति २०८२/०३/२० को सूचना नं १६३७/०८१/८२ को सूचना बाट जानकारी प्राप्त भएकोछ ।

एकीकृत पूर्वयोग्यता परीक्षा सम्बन्धी सम्पूर्ण कार्य आयोगबाटै तोकिएको कार्यतालिका बमोजिम हुने र उक्त परीक्षामा सफल भई प्रमाणपत्र प्राप्त गरेका उम्मेदवार मात्र प्रमाणपत्र जारी गरेको मितिले एक बर्ष भित्र सम्म सम्बन्धित संगठित संस्थाबाट प्रकाशन हुने पदपूर्ति सम्बन्धी बिज्ञापनको सम्बन्धित सेवा, समूह, उपसमूहका पद, श्रेणी वा तहमा दरखास्त पेश गर्नका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने प्रावधान रहेकोले यस संस्थाबाट आ.ब. २०८२/८३ देखि प्रकाशन हुने अप्राविधिक सहायक, तह ४ पदको विज्ञापनमा दरखास्त भर्न यस संस्थाको कर्मचारी सेवा शर्त विनियमावली, २०६६(तेश्रो संशोधन, २०८०) मा भएको व्यवस्था अनुसारको शैक्षिक योग्यता र अन्य प्रावधानका अलावा एकीकृत पूर्व योग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र समेत आवश्यक पर्ने भएकोले यस संस्थाको अप्राविधिक सहायक, तह ४ पदमा रही सेवा गर्न ईच्छुक उम्मेदवारहरुलाई लोकसेवा आयोगबाट सञ्चालन हुने उक्त एकीकृत पूर्वयोग्यता परीक्षा सम्बन्धी मिति २०८२ श्रावण ०७ गतेका दिन आयोगद्वारा प्रकाशित गरिएको विज्ञापनमा सहभागीताका लागि अनुरोध गर्दै सम्बन्धित सबैको जानकारीको लागि पदपूर्ति समितिको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च : लोकसेवा आयोगको उल्लेखित सूचना, एकीकृत पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम र आयोगको मिति २०८२ श्रावण ०७ गतेको सूचना नं ४०/०८२-८३ लोक सेवा आयोगको वेवसाईट **www.psc.gov.np** र यस संस्थाको वेवसाईट **www.ican.org.np** मा समेत उपलब्ध छ ।

सदस्य सचिव

पदपूर्ति समिति

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np